# प्रदेश राजधानीलाई नमुना सहरका रुपमा विकास गर्छौं: मुख्यमन्त्री गिरी



लुम्बिनी, फागुन ३ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री लिला गिरीले आगामी पाँच वर्षमा प्रदेशवासीलाई नमुना राजधानी सहर हस्तान्तरण गर्ने बताएका छन् । लुम्बिनी प्रदेश छैटौं स्थापना दिवसको अवसरमा बुधबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित कार्यक्रममा उनले आगामी पाँच वर्षभित्र प्रदेशको राजधानीलाई नमुना सहरका रुपमा विकास गर्ने योजनासहित सरकारले काम गरिरहेको बताए । उनले भने,'प्रदेशवासीलाई सुन्दर र नमुना राजधानी सहर हस्तान्तरण गर्नेछौं ।'

मुख्यमन्त्री गिरीले 'समृद्ध प्रदेशः आत्मनिर्भर जनता' को अभिभारा पूरा गर्न लागिपरेको भन्दै सरकारको अभियानमा जोडिन सबैलाई आग्रह गरे । 'मिनी नेपालका रुपमा रहेको लुम्बिनी प्रदेशलाई मुलुककै उत्कृष्ट र नमूना प्रदेश बनाउने अभियानमा सरकार लागिपरेको छ,'उनले भने,'हामी जनतालाई समृद्ध र आत्मनिर्भर बनाउने गरी काम गरिरहेका छौं, नागरिकलाई परिवर्तनको आभाष दिलाउने गरी काम गर्छौं ।'

प्रदेशको समृद्धिका आधार खोजी गर्दै सरकार अगाडि बढ्ने प्रतिबद्धता जनाउँदै मुख्यमन्त्री गिरीले प्रदेशको समृद्धिका आधारको खोजी पहिल्याउने बताए । उनले कृषि र पर्यटनको माध्यमबाट आर्थिक समृद्धिको आधार खडा गरेर लुम्बिनीलाई समृद्ध र समुन्नत प्रदेश बनाउने बताए ।

पूर्वाधारको विकासले मात्र प्रदेश समृद्ध नहुने बताउँदै मुख्यमन्त्री गिरीले जनताको जीवनस्तर उकास्ने गरी काम गर्ने प्रतिबद्धता जनाए । 'समृद्धिसँग पूर्वाधार विकासलाई मात्र जोड्ने गरिन्छ । पूर्वाधारको विकास हुँदैमा मुलुक समृद्ध बन्दैन,'उनले भने,'जनताको जीवनस्तरमा सुधार नआउँदासम्म समृद्धिको अर्थ रहँदैन भन्ने विषयलाई आत्मसात् गर्दै सरकारले पूर्वाधारको विकाससँगै नागरिकको जीवनस्तर उकास्ने कार्यक्रम पनि सँगसँगै अगाडि बढाउँछ ।'

संघीयता कार्यान्वयनका लागि प्रदेश सरकारका पाँच वर्ष उपलब्धीमूलक रहेको बताउँदै मुख्यमन्त्री गिरीले पूर्वाधार र कानुनको अभावमा शून्यबाट कार्य प्रारम्भ गरेको प्रदेश सरकारले पाँचवर्षमा ७२ वटा कानुन निर्माण गरेको स्पष्ट पारे । प्रदेशवासीले अपनत्व महसुस गर्नेगरी प्रदेशको राजधानी र नामकरण टुङ्गो लगाएको बताउँदै संघीयता कार्यान्वयनसँगै अब विकास र समृद्धिको यात्रालाई तीव्ररुपमा अगाडि बढाउने बताए ।

कार्यक्रममा प्रदेश सरकारका खानेपानी, ग्रामीण तथा सहरी विकासमन्त्री चेतनारायण आचार्यले पूर्वाधार अभावमा सरकारका सम्पूर्ण संरचना राजधानीस्थलमा स्थानान्तरण हुन नसकेको बताए । उनले भने,'पूर्वाधारको अभावमा सरकारका सबै कामकारबाही राजधानीस्थलबाट सञ्चालन गर्न सकिरहेका छैनौं । अबको एक महिनाभित्र सरकारका सबै सेवा राजधानीस्थल राप्ती उपत्यका देउखुरीबाटै सुरु गर्ने गरी सरकार लागिपरेको छ ।'

कार्यक्रममा प्रदेशको कला संस्कृति झल्कने विभिन्न जातजाति, समुदायका सांस्कृतिक कार्यक्रमसहितका झाँकी प्रस्तुत गरिएका थिए । प्रस्तुत झाँकीअन्तर्गत दाङ घोराहीको मगर महिला समुदायको भुम्या नृत्य प्रथम, राप्ती गाउँपालिका-३ मगर समुदायको पञ्चेबाजा समूह द्वितीय, थारु समुदायको बड्का नाच तृतीय स्थान हासिल गरेका छन् । उनीहरूलाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो ।

प्रदेश सरकार स्थापना दिवसको अवसरमा प्रदेशमा विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका विभिन्न ६१ जनालाई विभूषित गरिएको छ । प्रदेश प्रमुख जनसेवा पदकबाट मरणोपरान्त जनार्दन यादव, जीतबहादुर थापालाई विभूषित गरिएको छ ।

यादवलाई संघीयता र गणतन्त्रको स्थापनामा सहयोग पुर्‍याएको र थापालाई जनयुद्धमार्फत लोकतान्त्रिक गणतन्त्र स्थापनामा विशेष योगदान पुर्‍याएको भन्दै विभूषित गरिएको हो ।

यस्तै मुख्यमन्त्री प्रज्ज्वलदीप पदकबाट डा.मोहिउद्दिन किदवाई र डा.राजन पाण्डेलाई विभूषित गरिएको छ । डा.किदवाईलाई नेपालमै अधिक शल्यक्रिया गरी जनस्वास्थ्यमा उल्लेख्य योगदान गरेको र पाण्डेलाई तराईका थारु समुदायमा रहेको सिकलसेल एनेमिया र थाले सिमियासम्बन्धी स्वास्थ्य समस्या पत्ता लगाई उक्त रोगको उपचारलाई प्रभावकारी बनाउन अध्ययन अनुसन्धानमा सहयोग पुर्‍याएको भन्दै विभूषित गरिएको हो ।

# स्वास्थ्य पूर्वाधारमा मुसिकोटको फड्को

## पौदी अमराई स्वास्थ्य चौकी २८ वर्षपछि आधुनिक भवनमा



■ टोपलाल अर्याल

गुल्मी, फागुन ३ । गुल्मीको मुसिकोट नगरपालिका-१ को पौदीअमराई स्वास्थ्य चौकीले २८ वर्षपछि आधुनिक भवनबाट सेवाप्रबाह सुरु गरेको छ । भवनको पूर्वमन्त्री तथा गुल्मी क्षेत्र नं २ का सांसद गोकर्ण बिष्टले उद्घाटन गरे ।

भवन उद्घाटन गर्दै पूर्वमन्त्री बिष्टले विकासलाई खुसीसँग जोड्नुपर्ने बताए ।

गाउँ-गाउँमा विकासका पूर्वाधार निर्माण हुँदा पनि नागरिकले घर छोड्ने र दुखी बन्ने अवस्था रहेकाले राजनीतिलाई दलगत दाउपेच र स्वार्थसँग नभएर जनताको समृद्धिसँग जोड्नुपर्ने बिष्टले बताए ।

बिष्टले पदभन्दा जनताका शिक्षा, स्वास्थ्य, सडक, विद्युत, खानेपानीलगायतका आधारभूत आवश्यकताका विषय संसद्मा उठ्नुको सट्टा संसद् दलदलबिच आरोप-प्रत्यारोप गर्ने थलो बनिरहेको बताए ।

०५१ सालमा स्थापना भएको स्वास्थ्यचौकी दुई कोठे कच्ची भवनबाट सञ्चालन गरिएको थियो । शहरी विकास तथा भवन निर्माण विभाग संघी आयोजना कार्यान्वयन इकाइ रुपन्देहीमार्फत बाँसुरी डि एण्ड डि/पुष्पाञ्जली जेभीले भवनको निर्माण गरेको वडाध्यक्ष मोहन घिमिरेले जानकारी दिए ।

एक करोड ५१ लख ६८ हजार तीन सय ४६ रुपैयाँको लागतमा इलेक्ट्रिकल तथा सेनेटरी सुविधासहितको दुई तले १८ कोठे आरसिसि स्वास्थ्यचौकी भवन र शौचालय निर्माण गरिएको घिमिरेले बताए ।

स्वास्थ्य चौकी भवन नहुँदा सेवाप्रबाहसहितको व्यावस्थापनमा निकै चुनौती रहेको थियो । 'ख' वर्गको स्वास्थ्य चौकी भवन निर्माण भएपछि बर्थिङ्ग सेन्टरसहितको सेवा व्यवस्थित गर्न सकिएको स्वास्थ्य चौकी इन्चार्ज प्रतिमा श्रेष्ठले जानकारी दिइन् । स्वास्थ्य चौकीबाट दैनिक २०/२५ जनाले सेवा लिने गरेका छन् ।

मुसिकोट नगरपालिकामा धमाधम स्वास्थ्य चौकीका भवन निर्माण भइरहेका छन् । वडा नं १, ३, ५ र ६ मा आधुनिक स्वास्थ्यचौकी भवन निर्माण भएका छन् । वडा नं ४ र ८ मा स्वास्थ्य चौकी निर्माणाधिन अवस्था रहेका छन् । त्यस्तै वडा नं २ र ९ मा चौकीको लागि प्रस्ताव पेश गरिएको छ ।

भने वडा नं ७ मा १५ शैयामा आधुनिक अस्पताल भवन निर्माणको काम भइरहेको मुसिकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोद कुँवरले जानकारी दिए । उनका अनुसार नगरमा सात वटा स्वास्थ्य चौकी, दुई आधारभूत स्वास्थ्य केन्द्र, तीन शहरी स्वास्थ्य केन्द्र, दुई सामुदायिक स्वास्थ्य इकाइ रहेका छन् । पालिकाभित्र सात बर्थिङ्ग सेन्टर र चार एम्बुलेन्स रहेका छन् ।

मुसिकोट नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा विभिन्न रचनात्मक काम गरिरहेको छ । गर्भवती तथा सुत्केरीहरुलाई निशुल्क एम्बुलेन्स सेवा, गर्भवतीसँग उपप्रमुख कार्यक्रमअन्तर्गत पोशिलो झोला वितरण तथा पोषणमैत्री र जिरोहोम डेलिभरी पालिका घोषणा उन्मुख काम भइरहेको मुसिकोट नगरपालिकामा मेयर जीवन खरेलले बताए ।

उनले पालिकाभित्र थुप्रै भौतिक संरचनाका कामहरु भएकाले अब सेवा प्रवाहलाई गुणस्तरीय बनाउन जरुरी रहेको बताए । कार्यक्रममा पूर्वमन्त्री गोकर्ण बिष्टसहित जिल्ला समन्वय समिति अध्यक्ष द्रोर्ण खत्री, उपप्रमुख तेजेन्द्र सलामी, पूर्वमेयर सोमनाथ सापकोटा, उपमेयर गंगा श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत बिनोद कुँवर तथा राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

# विजयनगरमा उपाध्यक्षसँग सुत्केरी कोसेली कार्यक्रम

■ पार्वती आचार्य




कपिलवस्तु, फागुन ३ । बिजयनगर गाउँपालिकाले उपाध्यक्षसंग सुत्केरी आमाहरुका लागि कोसेली कार्यक्रम सम्पन्न गरेको छ । सुत्केरीपश्चात सुत्केरी आमा र बच्चालाई कोसेलिको रुपमा दिइएको पोषिलो खानेकुराबाट केही सहयोग मिल्छ भन्ने उद्देश्यले उपाध्यक्षसंग सुत्केरी कोसेली कार्यक्रम संचालन गरिएको गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीकुमारी चौधरीले बताइन् । उपाध्यक्षसंग सुत्केरी कार्यक्रम कोसेली झोलामा सुपानेट झुल, क्याल्सियम सिरफ, साबुन, घिउ, महलगायत आमा र बच्चाका लागि आवश्यक सामग्रीहरु रहेको उपाध्यक्ष चौधरीले बताइन् । गत आर्थिक वर्षमा २ सय १८ जना सुत्केरी महिलाहरुले सुत्केरी कोसेली प्राप्त गरेका थिए भने यस आर्थिक वर्षमा ४२ जनाले उक्त सेवा पाएका छन् ।

कपिलवस्तु जिल्लाको दश स्थानियतहमध्ये दुर्गम मानिने यस बिजयनगर गाउँपालिकाले सुत्केरी महिलाहरुको लागि यस पालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुबाट रिफर भएर जानेहरुका लागि निशुल्क एम्बुलेन्सको व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापाले बताए ।

यस्तै नेपाल सरकारले दिँदै आएको चारपटक सम्म प्रोटोकलअनुसार स्वास्थ्य परिक्षणवापतको सुविधा र यातायातको सुविधासमेत दिँदै आएको स्वास्थ्य शाखा प्रमुख यज्ञप्रसाद अधिकारीले बताए । स्वास्थ्य संस्थामा नियमित जाँच गरेका र स्वास्थ्य संस्था वा अस्पतालमा सुत्केरी गराउने सुत्केरी महिलाहरुले सेवा पाइरहेका छन् । यसैगरी यसपालिका भित्र स्थायी बसोबास नभई अस्थायी रुपमा बसोबास गरेका महिलाहरुलाई समेत पालिकाले उक्त सेवा दिएको छ ।

यसैगरी बालवालिका उद्दार तथा राहात कार्यक्रम बिपन्न परिवारकालागि रु.५ हजार रुपैंया बराबरको सामाग्रीहरु बितरण गरिएको छ ।

बालमैत्री घोषणाका लागि ५ वर्षीय रणनीति योजना तयार गरिएको छ भने बालविवाह मुक्त नीति तयारसमेत गरिएको उपाध्यक्ष चौधरीले बताइन् ।

साथै लैंगिक हिंसा न्यूनिकरण गर्नकालागि पुरुषसँगको सहकार्य, तेस्रो लिंगीको पहिचानको लागि वडास्तरीय कार्यक्रम, बालश्रम मुक्तकालागि बिभिन्न सरोकारवालाहरुसंग छलफल तथा अनुगमन गर्ने पालिकाको लक्ष्य रहेको छ ।

## देउखुरीमा...

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भवन बेसमेन्टसहित छ तलाको बन्ने छ । भुई तला मात्रै करिब १४ सय बर्ग मिटरको रहने छ । यहाँ लिफ्टसहितका अपांगमैत्री संरचना बन्नेछन् । यहाँ प्रयाप्त पार्किङ र हरियाली जोन रहने छ ।

यस्तै विभिन्न मन्त्रालयका प्रशासनिक भवनहरु ९ वटा बन्ने छन् । बेसमेन्टसहित ती सबै मन्त्रालयका भवन ५ तलाका रहनेछन् । यी सबै भवनहरु लिफ्टसहितका अपांगमैत्री रहनेछन् ।

शिलान्यास समारोहमा सभामुख तुलाराम घर्ती सहभागी थिए । यस्तै मन्त्रीहरू, निमित्त प्रमुख सचिव, सचिवहरूको पनि सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयका सचिव जक्कि अहमद अन्सारीले गरेका थिए ।

**Baudikali Rural Municipality**

Office of Rural Municipal Executive

Dedhgaun, Nawalparasi (Ba.Su.Pu.), Gandaki Province, Nepal

**Invitation for Online Sealed Quotations**

**Date of publication: 2079-11-04 (2023 Feb 16)**

1. Baudikali Rural Municipality has allocated funds to cover eligible payment under the Contract for the contracts named below.

| S. No. | Identification No. | Description of work | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount |
|---|---|---|---|---|---|
| 1 | BRM/GOODS/SQ/ 02/2079/80 | Supply and Delivery of Motorcycle | 12,43,363/- | 1000/- | 35,000/- |

2. Bank and Bank account for the purchase of bid document and Bid Security deposit are as follows.

| Account Number for Bid document purchase | Account Number for Bid Security Deposit |
|---|---|
| Bank Name: Global IME Bank Ltd. Baudikali Branch Account No.27104010000009 | Bank Name: Global IME Bank Ltd. Baudikali Branch Account No.27104010000001 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Baudikali Rural Municipality, office of Rural Municipal Executive, Dedhgaun, Nawalparasi (Ba. Su. Pu.), 9857046264 www.baudikalimun.gov.np or may visit PPMO's website www.bolpatra.gov.np or www.baudikalimun.gov.np.
4. Any Amendment in the tender notice will be posted in the notice board at office and PPMO's Website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं**

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य बिद्युतिय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुर्‍याऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ

**ट्वाइलेट सफा गराउनु परेमा**

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

बुटवल सेनेटरी प्रा.लि.
फोन: ९७४५४०५९७३, ९८०७४०९८५२

गगन सेनेटरी, फोन: ९८६७०२१६१४, ९८१५४४७६४८

गगन सेनेटरी (२), फोन:९८०४४१३२८७, ९८१२९८६३१७

मनिषा सेनेटरी, फोन: ९८५११९७९६६

सर्वेस सेनेटरी,फोन: ९८४७०३९१४३, ९८५७०३४३८३

सिद्धबाबा सेनेटरी, फोन: ९८६४५७७२६२, ९८११९९६९३२

रियुस सेनेटरी, फोन: ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स फोन: ९८५७०५७०७०

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागि: अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु भैरे
प्रधान कार्यालय: बुटवल-९, मिलनचोक, रुपन्देही, फोन: ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालय: भैरहवा फोन: ०७१-५७६१३६